# बैठक नं. ६९

आज मिति २०७६ चैत्र २५ गते मंगलबार बिहान ०९:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निणर्य नं १

कोरोना भाइरस ( कोभिड – १९) का कारण भएको लकडाउनले गर्दा पीडित र प्रमावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई राहत उपलव्ध गराउने मापडण्ड २०७६ दफा ५ बमोजिम राहत उपलव्ध गराउनका लागि सबै वडाबाट संकलन भएको विवरणलाई अन्तिम रुप दिइ वडा मार्फत सार्वजनिक सूचना गरी २०७६/१२/२७ गते बिहिवार देखि समय तालिका बनाई वडाबाटै राहत वितरण गर्ने र लकडाउन अवधी २०७७/०१/०३ गते सम्मका लागि तपशिल बमोजिम हुने गरी राहत वितरण हुने गरी राहत विवरण गर्न लगाउने निर्णय गरियो ।

तपशिलः

| क.स | विवरण | एक जनामात्र भएमा | २ देखि ४ जना सम्मको परिवार भएमा | ५ जना देखि ६ जना सम्मको परिवार भएमा |
|---|---|---|---|---|
| १ | चामल | ३ के.जी | १२ के. जी | १८ के.जी |
| २ | दाल | ४०० ग्राम | १.५ के.जी | ३ के.जी |
| ३ | नुन | १ पाकेट | १ पाकेट | २ पाकेट |
| ४ | तेल | ०.५ लिटर | १.५ लिटर | ३ लिटर |
| ५ | सावुन | १ थान | ३ थान | ४ थान |
| ६ | चिनी | ५०० ग्राम | १.५ के.जी | २ के.जी |

**पुनश्चः** (६ जना भन्दा बढी सदस्य भएको परिवार भएमा चामलको हकमा २० के.जी उपलव्ध गराई अन्य सामाग्री ६ जनाको परिवार सरह नै हुने गरी उपलव्ध गराउने ।)

निर्णय नं २

राहत वितरण तथा कोरोनाको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने खाद्यान्न सामाग्री, स्वामस्थ्य उपकरण, औषधी र स्वास्थ्य जन्य सामाग्री जुटाउनका लागि सम्बन्धित सहयोगी निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं.३

वडाबाट प्राप्त भएको १६६०८ जना (४१५२ परिवार) जना असंगठित श्रमिक, मजदुर र असहाय व्यक्तिहरुलाई स्वीकृत मापदण्ड बमोजिम राहत वितरण गर्नका लागि आवश्यक सामग्री बजारमा कृतिम अभाव भएको तथा मूल्य वृद्धि भएको अवस्थामा तत्काल आपूर्ति गर्नुपर्ने हुँदा सार्वजनिक खरिद कानून अनुसार खरिद गर्न असंभव भएकाले नेपाल सरकारकै स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशनसँग समन्वय गरी खाद्यान्न सामग्री खरिद गरी आपूर्ति गर्ने र उक्त संस्थाहरुमा उपलब्ध हुन नसकेको सामग्रीको हकमा बजारबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।